मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरी
# जलेश्वर, नेपाल

मिति : २०८२/०८/१७

## प्रेस विज्ञप्ति

उपरोक्त सम्बन्धमा केही दिनयतादेखि प्रादेशिक अस्पताल जलेश्वरको सेवा-सञ्चालन, व्यवस्था तथा स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धी विभिन्न सञ्चारमाध्यमहरू र सामाजिक सञ्जालमा आएका प्रसँगहरु सार्वजनिक गरिएको विषयप्रति हाम्रो ध्यानाकर्षण भएको छ ।

**यस सन्दर्भमा, प्रादेशिक अस्पताल जलेश्वरले निम्न बुँदाहरू स्पष्ट पार्न चाहन्छ :**

१. अस्पतालले सेवाको गुणस्तर सुधारका लागि आवश्यक समन्वय, स्रोत-साधन व्यवस्थापन तथा सेवा विस्तारका कामहरू निरन्तर रूपमा अगाडि बढाइरहेको छ । अस्पतालको श्रोतबाट हुन सक्ने कामहरु अस्पतालबाट हुने गरेको छ भने अन्य कामहरुको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसहितकाहरुलाई सहजीकरण र सेवा सुचारुको लागि पत्राचार गरेको छ ।

२. एक्सरे शाखामा रहेका गोपाल कुमार शर्मालाई लक्षित गरि 'कार्यालय सहयोगीले एक्सरे गर्ने' गरेको भनिएको कुरा एकदमै कपोलकल्पित, काल्पनिक रहेको छ । निज शर्मा रेडियोग्राफर पदमा रहेको र निजको काउन्सिल नं. B-2314RD रहेको छ ।

३. यस अस्पतालको एम्बुलेन्स दुईदशकभन्दा बढी पुरानो रहेको छ । पटक पटक नयाँ एम्बुलेन्स र शववाहनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग माँग गरिएको सबैमा जानकारी गराउन चाहन्छौं । अस्पतालले नयाँ एम्बुलेन्सको लागि भारतीय राजदुतावासमा समेत पत्राचार गरेको छ ।

४. अस्पतालमा ९८ प्रकारको औषधीहरु निःशुल्क पाइने गरेको सन्दर्भको बुझाई फरक परेको देखिएको छ । ९८ प्रकारका औषधीहरुमा कतिपय भ्याक्सिन तथा क्षयरोग, कुष्ठरोग, परिवारनियोजनका साधनहरु रहेका छन् । भ्याक्सिन तथा क्षयरोग, कुष्ठरोग, परिवार नियोजनका साधनहरु जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराउने गरेका छन् भने औषधीहरु प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रले उपलब्ध गराउने गरेका छन् । प्रादेशिक अस्पताल जलेश्वरमा अहिले ५० प्रकारको निःशुल्क औषधीहरु वितरणको लागि उपलब्ध रहेको अवस्थामा छ । अब उप्रान्त पनि प्रदेशको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट आएका निःशुल्क औषधीहरु सहज रुपले जनता समक्ष प्रदान गरिने छ ।

५. प्रादेशिक अस्पताल जलेश्वर १५ शैयाको स्थायी र ५०/१०० शैयाको अस्थायी दरबन्दीबाट सञ्चालन भइरहेको विदितै छ । प्रदेश सरकारले यस अस्पताललाई अहिले १०० शैयाको प्रादेशिक अस्पतालको रुपमा घोषणा गरेपनि जनशक्ति भने अस्थायी उपलब्ध गराएको छ । अहिले पनि अस्पतालमा ५०/१०० शैयातर्फ आठ जना विशेषज्ञ चिकित्सकको दरवन्दी (अस्थायी करार) खाली रहेको अवस्था छ । पटकं पटक विशेषज्ञ चिकित्सक पठाउन वा विज्ञापन प्रकाशन गरि ति जनशक्ति भर्नाको लागि श्रोत सुनिश्चिताका साथ सहमति माँगको लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अस्पतालले पत्राचार गरिरहेको/गरिसकेको अवस्था छ ।

६. यस प्रादेशिक अस्पतालमा भेन्टिलेटरसहितको ५ शैयाको आइसियु तथा ६ शैयाको डायलायसिस सेवा जनशक्ति अभावमा सुचारु हुन नसकेको अवस्था छ । ति दुइवटै सेवा संवेदनशिल रहेको हुदाँ तालिम प्राप्त जनशक्ति आवश्यक पर्ने हुन्छ । उपरोक्त दुईवटै सेवा सञ्चालनको लागि तालिम प्राप्त दक्ष जनशक्ति प्रदान गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सहकार्य र पत्राचार भएको जानकारी गराउन चाहन्छौं ।

७. यस अस्पतालमा २४ सैं घण्टा ल्याव, एक्सरेसहितका सेवाहरु सञ्चालन भइरहेको अवगतै छ । ति सेवाहरु विस्तार हुदै जाँदा ति सेवाहरु सहज रुपमा सञ्चालनको लागि आवश्यक कर्मचारीहरु मात्र राखिएको हो ।

अन्त्यमा, प्रादेशिक अस्पताल जलेश्वर यसक्षेत्रका जनताको स्वास्थ्य सेवा सुधार र सहज पहुँचका लागि प्रतिबद्ध छ । तथ्यहीन प्रचारप्रति गम्भीर ध्यानाकर्षण गराउँदै भविष्यमा यस्ता गतिविधि नगर्न सम्बन्धित सबै पक्षलाई अनुरोध गर्दछौं ।

डा. विकास कुमार साह
निमित्त कार्यालय प्रमुख